नदीजन्य पदार्थको लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८३।०६।०२)

आ.व. २०८२।०८३ मा दहत्तर बहत्तरको ठेक्काबाट शुन्य हुन नसकेको नदीजन्य पदार्थको मौज्दात बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्ने थाहा नगर कार्यपालिकाको मिति २०८३।०६।०१ गतेको बैठकबाट निर्णय भएको हुँदा यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरीद गरी २२ औं दिनमा दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसील बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

क्र.स.	सूचना नं./बोलपत्र नं.	बोलपत्रको नाम	लिलाम बिक्रिको परिमाण (घन फिट)	न्यूनतम बोलपत्र रकम (भ्याट सहित)	धरौटी रकम	बोलपत्र फारम दस्तुर (रु.)
१	१/२०८३/०८४	आग्रा क्षेत्रको नदीजन्य पदार्थको लिलाम बिक्रि	९,००,१८०.३६	७१,२०,४२६.६५ (एकहत्तर लाख बिस हजार चार सय छब्बीस रुपैयाँ पैसठ्ठी पैसा मात्र)	कबोल अंकको ५%	३०००।००
२	२/२०८३/०८४	पालुङ क्षेत्रको नदीजन्य पदार्थको लिलाम बिक्रि	४,१६,८८०.८६	३२,९७,५२७.६० (बत्तिस लाख सन्तानब्बे हजार पाँच सय सत्ताइस रुपैया साठ्ठी पैसा)	कबोल अंकको ५%	३०००।००

१. बोलपत्र फारम दस्तुर बुझाउन कृषि विकास बैंकको पालुङ शाखामा रहेको आन्तरिक राजस्व खाता नं ०५०८४०११५५७३८१२१ र खाताको नाम THAHA MUNICIPALITY GA 1.1 INTERNAL REVENUE रा शि नं १४२४९ मा दाखिला गर्न सकिनेछ ।

२. धरौटीको लागि कबोल अंकको ५ % जमानत कृषि विकास बैंक पालुङ शाखामा रहेको धरौटी खाता नं ०५०८४०११५५७३८०३० र खाताको नाम THAHA MUNICIPLITY GA 3.1 LOCAL LEVEL DEPOSIT मा दाखिला गर्ने वा क वर्गको बैंकको सो बराबरको जमानीपत्र (बिड वण्ड) पेश गर्न सकिनेछ ।

३. प्रि-विड बैठक नगरपालिकाको कार्यालयमा २०८३/०६/१२ गते दिनको १:०० बजे कार्यालयको सभाहलमा हुनेछ । उक्त बैठकमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बैठक सञ्चालनमा कुनै बाधा पर्ने छैन ।

निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्र कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०६/२३ को १२:०० बजे भित्र कुरियर, हुलाक तथा स्वयम उपस्थित भई पेश गर्नुपर्नेछ । ढिला भइ पेश भएको बोलपत्र स्विकार गरिनेछैन ।

५. अन्य शर्तहरु बोलपत्रमा उल्लेख भए बमोजिम हुनेछ र कार्यालयलाई बोलपत्र सम्बन्धी निर्णयको अन्तिम अधिकार रहनेछ ।

६. बोलपत्र कागजात तथा अन्य जानकारी कार्यालयको वेबसाइट www.thahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

बोलपत्र सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप समेत लगाउनुपर्नेछ । साथै बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२. खरीद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताहरुले प्रत्येक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

३. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने २२ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन ।

५. बोलपत्रदाताले लिलाम बिक्रीको सम्झौता बमोजमको रकम सम्झौता गर्दाका बखत कबोल अंकको ५०% का दरले हुन आउने रकम र कार्तिक मसान्तभित्र ५०% का दरले हुन आउने रकम गरी २ किस्तामा कार्यालयमा नगद वा चेक पेश गर्नु पर्नेछ ।

६. बोलपत्रदाताले सकार गरेको नदीजन्य पदार्थको परिमाण मंसिर महिनाभित्र शुन्य गरिसक्नु पर्नेछ। उक्त अवधिभित्र परिमाण शुन्य नगरेमा वा सम्झौताको शर्त उल्लंघन गरेमा कार्यालयले बोलपत्रदाताको धरौटी रकम जफत गरी सम्झौता अन्य गर्न सक्नेछ ।



निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

७. (नोट : विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइटwww.thahamun.gov.np मा समेत हेर्न सकिनेछ ।)



निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
थाहा नगरपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर ।

विषय : बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयको मिति २०८३।०६।०२ गते प्रकाशित ढुङ्गा, गिट्टी, बालुवा लगाएत नदीजन्य पदार्थ (बोलपत्र नं. १/२०८३/०८४) लिलाम बिक्री सम्बन्धी सूचनाअनुसार (९,००,१८०.३६ घ.फिट) तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरि पेश गरेको छु ।

तपसिल :

कबोल अंक

१. एकमुष्ट कबोल रकम रु. ..... अक्षेरुपी

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको
नाम :
ठेगाना :
मिति :
हस्ताक्षर :



निरज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
थाहा नगरपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर ।

विषय : बोलपत्र पेश गरेको सम्बन्धमा ।

त्यस कार्यालयको मिति २०८३।०६।०२ गते प्रकाशित ढुङ्गा, गिट्टी, बालुवा लगाएत नदीजन्य पदार्थ (बोलपत्र नं. २/२०८३/०८४) लिलाम बिक्री सम्बन्धी सूचनाअनुसार (४,१६,८८०.८६ घ.फिट) तपसिल बमोजिम सकार गर्न मन्जुर भएकोले यो बोलपत्र फाराम भरि पेश गरेको छु ।

तपसिल :

कबोल अंक

१. एकमुष्ट कबोल रकम रु. ..... अक्षेरुपी

बोलपत्र पेश गर्ने फर्म/व्यक्तिको
नाम :
ठेगाना :
मिति :
हस्ताक्षर :